# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, भदौ ०८ गते, २०८२ साल (अतिरिक्ताङ्क १४

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं. ६

## सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सामाजिक विकास संस्था (पहिलो संशोधन) ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **सामाजिक विकास संस्था ऐन, २०७५ को दफा २ मा संशोधनः** सामाजिक विकास संस्था ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) झिकिएको छ।

(२) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "संस्था" भन्नाले यस ऐन बमोजिम स्थापना हुने सामाजिक विकास संस्था सम्झनु पर्छ। सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भई यस ऐनका व्यवस्था पालना गरी मन्त्रालयमा सूचीकृत हुने प्रतिष्ठान, ट्रष्ट, गुठी, समिति, सङ्घ, महासङ्घ, सामुदायिक सङ्घसंस्था लगायतका अन्य यस्तै प्रकारका संस्था समेतलाई जनाउँछ।"

३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"(१) एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरू परिषद्मा सूचीकृत हुनु पर्नेछ। तर, परिषद् स्थापना नभएसम्मको लागि मन्त्रालयमा सूचीकृत भएका वा हुने संस्था यस ऐन बमोजिम रीत पुगी सूचीकृत भएको मानिनेछ।"

४. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेशभित्र एक भन्दा बढी स्थानीय तहमा कार्य गर्न चाहने संस्थाले छ महिना भन्दा बढी अवधिका कुनै योजना, परियोजना वा कार्यक्रम सञ्चालन गर्नु परेमा सो सम्बन्धीको प्रस्तावमा परिषद्को पूर्व स्वीकृति लिनु पर्नेछ।

तर परिषद्को स्थापना नभएसम्मको लागि सोझै मन्त्रालयसमक्ष पूर्व स्वीकृतिका लागि प्रस्ताव पेस गर्न सकिने छ।"

(२) उपदफा (१) मा रहेको "स्पष्टीकरण" को व्यवस्था झिकिएको छ।

५. <u>मूल ऐनको दफा १६ मा संशोधन:</u> मूल ऐनको दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) परिषद्को आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. <u>**मूल ऐनको दफा १७ मा संशोधन:**</u> मूल ऐनको दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) संस्थाको लेखा परीक्षण साधारणसभाबाट नियुक्त मान्यताप्राप्त लेखा परीक्षकबाट गराउनु पर्नेछ।"

७. <u>**मूल ऐनको दफा २२ मा संशोधनः**</u> मूल ऐनको दफा २२ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) संस्थाको कार्यसमितिमा सरकारी सेवामा बहाल रहेका पदाधिकारी वा कर्मचारी रहन पाउने छैनन्।

तर अपाङ्गता भएका व्यक्तिहरूको हक हितका लागि स्थापना भई स्वीकृत विधान बमोजिम अपाङ्गता भएका व्यक्तिहरू मात्रै सदस्य हुने संस्थाको कार्यसमितिमा आर्थिक लाभ वा कुनै सुविधा नलिने तथा कार्यालयको कामकाजमा असर नपर्ने गरी कार्यालय समय बाहेकको समयमा काम गर्ने गरी अख्तियारप्राप्त निकायको स्वीकृति लिई सरकारी सेवामा बहाल रहेका पदाधिकारी वा कर्मचारी समेत रहन बाधा पर्ने छैन।"

८. <u>**मूल ऐनको दफा २६ मा संशोधनः**</u> मूल ऐनको दफा २६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा यस ऐन बमोजिम दर्ता तथा सूचीकृत भएका संस्थासँग मात्र गर्नु पर्नेछ।"

९. <u>**मूल ऐनको दफा ३० पछि दफा ३०क. थप:**</u> मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थप गरिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"३०क. <u>सिफारिस नगरिनेः</u> कुनै संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई देहायको अवस्थामा प्रदेशमा काम गरेबापतको लागि प्रदान गरिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान, पुरस्कार र कार्यानुभवका लागि प्रदेश सरकारको तर्फबाट सिफारिस गरिने छैनः-

(क) दफा ५ को उपदफा (१) वा दफा ३० को उपदफा (१) बमोजिम पूर्व स्वीकृति नलिएमा,

(ख) दफा ३० को उपदफा (७) बमोजिम स्वीकृति रद्द गरिएमा।"

१०. <u>मूल ऐनको दफा ३४ पछि दफा ३४क. थपः</u> मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थप गरिएको छः-

"३४क. <u>विनियमावली, निर्देशिका वा कार्यविधि बनाउने</u>ः यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयको सहमतिमा परिषद्ले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार विनियमावली, निर्देशिका वा कार्यविधि बनाई प्रदेश सरकारबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।"

११. <u>रूपान्तरण:</u> यस ऐनको ठाउँ ठाउँमा रहेका "संघीय सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ।

प्रमाणीकरण मितिः- २०८२/०५/०८

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश